# राष्ट्रिय दलित आयोग
# National Dalit Commission

राष्ट्रिय दलित आयोग २०७५

प.सं./L.N.:
मिति/Date:
च.नं./D.N.:


मिति: २०८३/०१/०८

## प्रेस विज्ञप्ति

## सिन्धुली घटनाबारे आयोगको ध्यानाकर्षण

सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका–३ निवासी २२ वर्षीय श्री कृष्ण विकको प्रहरी नियन्त्रणमा रहेका बेला मृत्यु भएको घटनाप्रति राष्ट्रिय दलित आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। विभिन्न माध्यम मार्फत प्राप्त विवरणअनुसार मिति २०८३/०१/०३ गते ललितपुर सातदोबाटोबाट पक्राउ परेका विकलाई इलाका प्रहरी कार्यालय खुर्कोट, सिन्धुलीमा राखिएको अवस्थामा मिति २०८३/०१/०७ गते बिहान मृत अवस्थामा फेला पारिएको भनिएको छ। यस घटनाबारे पीडित परिवारले न्यायिक छानबिनको माग गरेको सन्दर्भमा आयोगले यस घटनालाई अत्यन्त गम्भीरतापूर्वक लिएको छ। साथै, अनुसन्धान तथा छानबिनका क्रममा दलित समुदायमाथि हुने क्रूर शारीरिक तथा मानसिक यातनाका विगतका तथ्यहरूले यस घटनाप्रति थप चिन्ता व्यक्त गर्न बाध्य बनाएको छ।

प्रहरी हिरासतमा रहेका व्यक्तिको मृत्यु हुनु मानव अधिकारको दृष्टिले अत्यन्त संवेदनशील र चिन्ताजनक विषय हो। यस्तो घटनाले कानुनी शासन, मानव अधिकार संरक्षण तथा राज्यप्रति नागरिकको विश्वासमाथि गम्भीर प्रश्न खडा गर्दछ। उक्त घटनाको स्वतन्त्र, निष्पक्ष र पारदर्शी छानबिन गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँछौं। साथै, यस घटनामा संलग्न जो–कोही दोषी भए पनि कानुनबमोजिम कडा कारबाही गर्न र पीडित परिवारलाई न्याय सुनिश्चित गर्न आग्रह गर्दछौं। घटनाको तथ्यगत अध्ययन, अनुगमन तथा आवश्यक पहलका लागि सम्बन्धित निकायहरूसँग समन्वय गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं। आयोग दलित समुदायको अधिकार संरक्षण, मानव अधिकारको प्रवर्द्धन तथा जातीय विभेद उन्मूलनका लागि सधैं प्रतिबद्ध रहेको पुनः स्मरण गराउन चाहन्छौं।

सुन्दर पुर्कुटी
सदस्य एवं प्रवक्ता